# राष्ट्रिय खोप कोष (सञ्चालन) नियमावली, २०७०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७०।९।२९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "राष्ट्रिय खोप कोष (सञ्चालन) नियमावली, २०७०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको राष्ट्रिय खोप कोष सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(घ) "राष्ट्रिय खोप कार्यक्रम" भन्नाले नेपाल सरकारले नियमित वा अभियानको रुपमा सञ्चालन गर्ने खोप कार्यक्रम सम्झनु पर्छ र सो शब्दले खोपद्वारा रोग लाग्नबाट बचाउन सकिने प्रकृतिको रोगको निगरानी गर्ने कार्य समेतलाई जनाउँछ ।

(ङ) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले कोषको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(छ) "समिति" भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(ज) "सल्लाहकार समिति" भन्नाले नियम ११ बमोजिमको राष्ट्रिय खोप सल्लाहकार समिति सम्झनु पर्छ ।

३. **कोषको स्थापना** : (१) राष्ट्रिय खोप कार्यक्रमको विकास, विस्तार तथा सञ्चालन गर्ने काम समेतको लागि राष्ट्रिय खोप कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :

नेपाल कानून आयोग

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, वित्तीय, सहकारी वा अन्य संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) कोषको लगानीबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि कोषले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खताको सञ्चालन सदस्य-सचिव र कोषको लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीबाट हुनेछ ।

४. **कोषको प्रयोग** : (१) कोषको रकम देहायको खर्च गर्न सकिने छ :-

(क) खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ख) प्राकृतिक प्रकोप वा माहामारीका कारण तत्काल खोप खरिद गर्न आवश्यक भएमा त्यस्तो खोप खरिद गरी खोप कार्यक्रम सञ्चालन गर्न,

(ग) राष्ट्रिय खोप कार्यक्रमको विकास तथा विस्तार सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्न,

(घ) राष्ट्रिय खोप कार्यक्रममा प्रयोग हुने खोप निजी क्षेत्रको साझेदारीमा मुलुकभित्र उत्पादन गर्न लागत प्रभावकारीताको दृष्टिले उपयुक्त हुने देखिएमा त्यस्तो खोप उत्पादन कार्यमा लगानी गर्न,

(ङ) समितिको बैठक सञ्चालन लगायतका प्रशासनिक कार्य गर्न ।

(२) उपनियम (१) को खण्ड (क), (ख) र (घ) बमोजिमको कार्यमा खर्च गर्दा समितिले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५. **कोषको रकम अन्य काममा खर्च गर्न नसकिने** : कोषको रकम नियम ४ को उपनियम (१) मा उल्लेख भएको कार्यमा बाहेक अन्यत्र खर्च गर्न सकिने छैन ।

६. **कोषमा न्यूनतम रकम सञ्चित गर्नु पर्ने** : (१) कोषको रकम नियम ४ को उपनियम (१) को खण्ड (ख) मा उल्लेखित कार्यमा बाहेक कोषको अन्य कामका लागि खर्च गर्दा कम्तीमा दश करोड रुपैयाँ कोषमा मौज्दात रहने गरी खर्च गर्नु पर्नेछ ।

(२) नियम ४ को उपनियम (१) को खण्ड (ख) बमोजिमको कार्यको लागि खर्च भएको रकम नेपाल सरकारले यथाशीघ्र कोषलाई सोधभर्ना गर्नेछ ।

७. **समितिको गठन** : (१) कोषको तर्फबाट सम्पूर्ण काम कारवाही गर्नको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) उपनियमम (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :-

(क) मन्त्रालयको सचिव - अध्यक्ष

(ख) विभागको महानिर्देशक - सदस्य

(ग) प्रमुख, नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा, मन्त्रालय - सदस्य

(घ) प्रमुख, मानव संशाधन तथा वित्तीय स्रोत व्यवस्थापन महाशाखा, मन्त्रालय - सदस्य

(ङ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य

(छ) सहसचिव, शिक्षा मन्त्रालय - सदस्य

(ज) खोप कार्यक्रममा संलग्न व्यक्ति वा गैर सरकारी संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयबाट मनोनीत कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(झ) निर्देशक, बाल स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग - सदस्य-सचिव

(३) उपनियम (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले पदीय जिम्मेवारी पूरा नगरेम मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : (१) यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय खोप कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने कार्यमा मन्त्रालयलाई सहयोग गर्ने,

(ख) कोषको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) राष्ट्रिय खोप कार्यक्रमको विकास, विस्तार र सञ्चालन गर्ने,

(घ) राष्ट्रिय खोप कार्यक्रमलाई दीगो र भरपर्दो बनाउन कोषको लागि स्रोत जुटाउने,

(ङ) कोषको रकमबाट सञ्चालित कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने,

(च) कोषको रकम खर्च गर्ने सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही आवश्यक कार्यविधि बनाई लागू गर्ने,

(छ) कोषको विकास तथा विस्तारको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ज) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने वा गराउने ।

९. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवको बोलाउनेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा मितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यक ठानेमा कोषको कार्यसँग सम्बन्धित कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) कोषको काममा सघाउ पुर्‍याउन समितिले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य व्यवस्था त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोकिदिए बमोजिम हुनेछ ।

११. **सल्लाहकार समितिको गठन** : (१) राष्ट्रिय खोप कार्यक्रमको विकास, विस्तार तथा सञ्चालन गर्न तथा प्राकृतिक प्रकोप वा माहामारी भएका बखत तत्काल खोप कार्यक्रम सञ्चालन गर्नु पर्ने विषयमा समितिलाई आवश्यक राय सल्लाह दिन एक राष्ट्रिय खोप सल्लाहकार समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको सल्लाहकार समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) जनस्वास्थ सम्बन्धी विशेषज्ञ चिकित्सक वा वरिष्ठ बालरोग विशेषज्ञ मध्येबाट नेपाल सरकारले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) प्रमुख, नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा, मन्त्रालय - सदस्य

(ग) निर्देशक, बाल स्वास्थ्य महाशाखा, विभाग - सदस्य

(घ) निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, विभाग - सदस्य

(ङ) सभापति, नेपाल पिडियाट्रिक सोसाइटी वा निजले तोकेको सो सोसाइटीको प्रतिनिधि - सदस्य

(च) इपिडिमियोलोजिष्ट, जनस्वास्थ्य विज्ञ, स्वास्थ्य अर्थशास्त्री र वरिष्ठ बालरोग विशेषज्ञ मध्येबाट मन्त्रालयले मनोनीत गरेका तीनजना - सदस्य

(छ) शाखा प्रमुख, राष्ट्रिय खोप कार्यक्रम, विभाग - सदस्य-सचिव

(३) सल्लाहकार समितिले आवश्यक ठानेमा कोषको काममा सहयोग पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाका प्रतिनिधि वा खोप सम्बन्धी विशेषज्ञलाई सल्लाहकार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यले इमान्दारीपूर्वक काम नगरेमा वा पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले जुनसुकै बखत निजलाई अध्यक्ष वा सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी अध्यक्ष वा सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(६) सल्लाहकार समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय-व्ययको लेखा नेपाल सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम राखिने छ ।

(२) कोषको आन्तरिक लेखा परीषण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परीषण महालेखापरीषकबाट हुनेछ ।

१३. **बैठक भत्ता** : समिति र सल्लाहकार समितिका अध्यक्ष र सदस्य तथा नियम १० बमोजि गठित उपसमिति वा कार्यदलका सदस्यले समिति, सल्लाहकार समिति, उपसमिति वा कार्यदलको बैठकमा भाग लिए बापत नेपाल सरकारले तोकिदिए बमोजिमको रकम बैठक भत्ता पाउने छन् ।

१४. **सम्मान गर्न सक्ने** : (१) तालीम समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) तालीम समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा तालीम समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) तालीम समितिको बैठकको अध्यक्षता तालीम समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

१५. **सचिवालयको रुपमा काम गर्ने** : विभागको वालस्वास्थ्य महाशाखाले कोषको सचिवालयको रुपमा काम गर्नेछ ।

१६. **प्रतिवेदन पेश गर्ने** : (१) समितिले आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थि वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

१७ **निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ममन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. **अधिकार प्रत्यायोजन** : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

नेपाल कानून आयोग